# सहकार्यमा स्थानिय जातको कुखुराको ह्याचरी र ब्रुडिङ केन्द्र स्थापना कार्यक्रम संचालन नर्मस, २०७६

१. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले ३० दिने सूचना प्रकाशन गरी निजी फार्म/समूह/ सहकारीबाट आवेदन माग गर्नु पर्नेछ।

२. आवेदकले निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- स्थानिय जातका कुखुराको ह्याचरी तथा ब्रुडिङ केन्द्र स्थापना तथा संचालन सम्बन्धी व्यवसायिक योजना।
- ह्याचिङ गर्नका लागि आवश्यक संख्यामा स्थानिय जातका कुखुराको अण्डा आपूर्ति हुने ठोस प्रमाण।

३. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गरी आवेदक मध्येवाट उपयुक्त अनुदानग्राही छनौट गर्नु पर्नेछ। पेश भएको व्यवसायिक योजना तथा अन्य कागजातहरु र स्थलगत अनुगमन गरी सोको आधारमा अनुदानग्राही छनौट गर्न सकिनेछ।

४. स्थलगत अनुगमन गर्दा आवश्यक पूर्वाधार जस्तै बिजुली, यातायात सुविधा आदिको मूल्याङ्कन गर्नु पर्नेछ ।

५. छनौट भएका अनुदानग्राहीसँग वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम र गर्नुपर्ने कार्यहरु लगायतका विषयहरु उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

६. बुँदा नं ५ वमोजिमको अनुदान रकमलाई कार्यक्रम संचालन लागतको अधिकतम ७५% मानी बाँकी कम्तीमा २५% रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ। अनुदान रकम ह्याचरी स्थापनाका लागि सामाग्री खरिद तथा ब्रुडिङ केन्द्र स्थापनाका लागि खर्च गर्न सकिनेछ।

७. अनुदानग्राहीले रनिङ बिल तथा कार्यसम्पन्न प्रतिवेदन र ह्याचरी संचालनका लागि पशु सेवा विभागको अनुमित पत्र सहित निवेदन पेश गरे पश्चात कार्यालयले स्थलगत अनुगमन गर्नु पर्नेछ।

८. अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले बढीमा ३ किस्तामा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

९. पुँजीगत खर्च वापत भुक्तानी गरिने अनुदान रकमको ४% बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गर्न सकिनेछ।

सचिव

# गिद्ध रेष्टुरेन्टका लागि सहयोग कार्यक्रम संचालन नर्मस, २०७६

१. गिद्ध रेष्टुरेन्ट संचालन गर्दै आएका संचालकहरुलाई लक्षित गरी कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले ३० दिने सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ।

२. आवेदकले विगत वर्षहरुमा गिद्ध रेष्टुरेन्ट सम्बन्धी क्रियाकलापहरु गर्दै आएको हुनु पर्नेछ।

३. आवेदकहरुले गिद्ध रेष्टुरेन्ट संचालनको कार्ययोजना सहित निवेदन पेश गर्नु पर्नेछ।

४. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त-कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गरी आवेदक मध्येवाट उपयूक्त अनुदानग्राहीहरु छनौट गर्नु पर्नेछ। पेश भएको कार्ययोजना तथा अन्य कागजातहरु र स्थलगत अनुगमन गरी सोको आधारमा अनुदानग्राही छनौट गर्न सकिनेछ।

५. छनौट भएका अनुदानग्राहीसँग पेश भएको कार्ययोजनाका आधारमा वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम र गर्नुपर्ने कार्यहरु लगायतका विषयहरु उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

६. बुँदा नं ५ वमोजिमको अनुदान रकमलाई कार्यक्रम संचालन लागतको अधिकतम ७५% मानी बाँकी कम्तीमा २५% रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

७. अनुदान रकम टहरा निर्माण, पानीको व्यवस्थापन, घाँसको व्यवस्थापन, छाडा पशुहरुको ढुवानी लगायतका कार्यहरुमा खर्च गर्न सकिनेछ।

८. अनुदानग्राहीले रनिङ बिल तथा कार्यसम्पादन प्रतिवेदन सहित निवेदन पेश गरे पश्चात स्थलगत अनुगमन गर्नु पर्नेछ।

९. अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले बढीमा ३ किस्तामा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

१०. पुँजीगत कार्यको लागी भुक्तानी गरिने अनुदान रकमको ४% बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गर्न सकिनेछ।

सचिव

# साइलेज वितरण तथा ढुवानीमा अनुदान कार्यक्रम संचालन नर्मस, २०७६

१. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले व्यवसायिक रुपमा पशु (गाई/भैंसीपालन) पालन गर्ने कृषकहरुलाई लक्षित गरी ३० दिने सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ ।

२. आवेदन दिन चाहने कृषकहरुको योग्यता:

- न्यूनतम २५ गोटा दुहुना पशुपालन गरेको वा कम्तीमा दैनिक २०० लिटर दुध उत्पादन गर्ने गरेको हुनु पर्ने।

३. एक पटक साइलेज वितरण तथा ढुवानीमा अनुदान प्राप्त गरी सकेको कृषकलाई २ बर्ष सम्म सोही कार्यको लागि अनुदान उपलब्ध गराउन पाईने छैन।

४. आवेदक मध्येबाट उपयुक्त अनुदानग्राही कृषकहरुको छनौट गर्न कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गर्नु पर्नेछ ।

५. पेश भएका कागजातहरु, विद्यमान दैनिक दूध उत्पादन परिमाण, प्रति पशु औषत दैनिक दूध उत्पादन, कुल दुधालु पशु संख्या तथा स्थलगत अनुगमनका आधारमा विनियोजित बजेटको परिधि भित्र रहि अनुदानग्राही कृषकहरुको छनौट गर्न सकिनेछ।

६. प्रति कृषक न्यूनतम ५००० के.जी. र अधिकतम १०,००० के.जी. साइलेज खरिद तथा ढुवानीको लागि क्रमशः प्रति के.जी. रु ६ र रु २ का दरले अनुदान उपलब्ध गराउनु पर्नेछ।

७. अनुदानग्राहीले बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन सहित निवेदन पेश गरे पश्चात कार्यालयले स्थलगत अनुगमन गर्नु पर्नेछ ।

८. अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले बढीमा ३ किस्तामा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

सचिव

# उन्नत नश्लको बोयर बोका आयात कार्यक्रम संचालन नर्मस, २०७६

१. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले उन्नत नश्लको बोयर बोकाको खरिद सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ।

२. बोयर बोका पशु सेवा विभागले अनुमति प्रदान गरेको मुलुकबाट मात्रै खरिद तथा आयात गर्न सकिनेछ।

३. खरिद गरिएका बोका कृषक/समूह/सहकारी लाई हस्तान्तरण गर्नु पूर्व राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, बन्दिपुर वा अन्य उपयुक्त स्थानमा अस्थाई रुपमा होल्डिङ गर्न सकिनेछ र सो कार्यका लागि आवश्यक व्यवस्थापन खर्च कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले व्यवस्था गर्नु पर्नेछ।

४. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले खरिद तथा आयात गरिने बोका वितरणका लागि ३० दिने सूचना प्रकाशन गरी बोयर बाख्रा पालक कृषक/समूह/सहकारी बाट आवेदन माग गर्नु पर्नेछ।

५. आवेदकको योग्यता:

- सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने।
- कम्तीमा १५ गोटा बोयर बाख्रा पालन गरिरहेको हुनुपर्ने।
- समूह/सहकारीको हकमा सामुहिक रुपमा एकै स्थानमा पालन गरेको हुनुपर्ने।

६. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गरी आवेदक मध्येवाट उपयूक्त अनुदानग्राहीहरु छनौट गर्नु पर्नेछ।पेश भएको कागजातहरु र स्थलगत अनुगमनको आधारमा अनुदानग्राही छनौट गर्न सकिनेछ ।

७. अनुदानग्राही छनौटका आधारहरु:

- कम्तिमा ५ रोपनी जग्गामा घाँस खेती गरीरहेको हुनु पर्ने ।
- उपयुक्त पूर्वाधार सहित अधिक संख्यामा बाख्रापालन गरिरहेकालाई प्राथमिकता दिने ।

८. छनौट भएका अनुदानग्राहीलाई प्रति बोका कम्तीमा १५ बाख्रा हुने गरी बढीमा २ गोटा सम्म बोका प्रदान गर्न सकिनेछ।

९. खरिद गरिएका बोका मध्ये केही संख्यामा राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, बन्दिपुर र राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरालाई व्यवस्थापन खर्च सोही कार्यालयहरुबाटनै व्यहोरिने गरी शुद्ध लाइन मेनटेन (Pure Line Maintain) गर्नका लागि कार्यालयले प्रदान गर्न सक्नेछ।

१०. बुँदा नं ९ बमोजिम प्रदान गरिएका बोकाको प्रजननबाट उत्पादन भएका पाठा पाठीहरु गण्डकी प्रदेशका कृषकलाई उपलब्ध गराउन आवश्यक समन्वय कार्यालयले गर्नु पर्नेछ।

सचिव